# नगर उपप्रमुख विमला तामाङ्गज्यूले
# दोस्रो कार्यकालको पांचौ नगरसभामा प्रस्तुत गर्नु भएको

## कालिका नगरपालिकाको
# आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्य

**कालिका नगरपालिका**

**रेडक्रसग्राम चितवन**

**५ असार २०८१**

कालिका नगर सभाका अध्यक्षज्यू
**नगरसभा सदस्यज्यूहरु,**

"**समृद्ध नेपाल, सुखी नेपाली**" को राष्ट्रिय दीर्घकालिन सोच र बागमती प्रदेश सरकारको "**सुसंस्कृत र सुखी जनताः समाजबाद उन्मुख समृद्ध प्रदेश**" को दीर्घकालिन सोचसँग तादम्यता गर्दै "**समृद्ध कालिका, सुखी कालिकाबासी**" बनाउने दीर्घकालिन सोच सहितको **नगरको समष्टिगत विकासका लागि आर्थिक, भौतिक, सामाजिक र सांस्कृतिक क्षेत्रको उच्च विकास सहित वातावरणमैत्री, समावेशी, न्यायपूर्ण तथा सुशासनयुक्त नगरपालिका निर्माण गर्ने दीर्घकालिन लक्ष्य प्राप्ति गर्न** कालिका नगरपालिकाबाट लक्षित गरिएको नीति तथा कार्यक्रम अनुसार आर्थिक वर्ष २०८१/०८२ को बजेट प्रस्तुत गर्न पाउंदा आफैलाई गौरवान्वित ठानेको छु । यस अवसरमा स्वतन्त्रता समानता न्याय सहितको संङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको दिशामा अग्रपङ्तीमा रहेर शाहदत प्राप्त गर्ने सम्पुर्ण शहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

**सभाका अध्यक्ष एवम् सदस्यज्यूहरु**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन र कालिका नगरपालिकाले गत वर्षहरुमा लिएका नीति तथा कार्यक्रम र आगामी आर्थिक वर्षका लागि स्वीकृत नीति तथा कार्यक्रमका आधारमा आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट प्रस्ताव पेश गरेको छु । स्थानीय तहको दोश्रो निर्वाचन पश्चात दोस्रो बर्षे कार्यकालको समाप्ति र तेश्रो बर्षको लागि पूर्ण बजेट पेश गर्न गईरहेको सन्दर्भमा गतविगत बर्षहरुमा नगरपालिकाले हांसिल मुख्य मुख्य कार्य र उपलव्धीहरुको स्मरण गर्न चाहन्छु ।नगर क्षेत्रको शहरी क्षेत्रका प्राय सवै मुख्य सडकहरु कालोपत्रे भईसकेका छन् । सहायक सडकहरु पनि कालोपत्रे गर्ने, उच्च ग्रावेल गर्ने, सडकमा नाला निर्माण गरी सडकको

स्तरउन्नती गर्ने र नयां ट्र्याक खोल्ने योजनाहरु सम्पन्न गरी निरन्तर रुपमा अगाडी बढेको छ । यस नगरपालिकाले भौतिक पूर्वाधारको क्षेत्रमा उल्लेख्य प्रगती हांसिल गरेको कुरा समेत जानकारी गराउछु । विगत वर्षहरुमा निर्माण सम्पन्न भएका र मर्मत गर्नु पर्ने सडकहरुको मर्मत कार्यलाई उच्च प्राथमिकतामा राखी मर्मत संभार कार्य भइ रहेको छ । यस नगरपालिकावाट भरतपुर जोड्ने गडुवा चोक देखि खगेरी पुलसम्मको वाटो र वि. पि. चोक देखि पूर्व वाटो नं. १ को सडक मर्मतका लागि उच्च प्राथमिकतामा राखी मर्मत कार्य भइ रहेको व्यहोरा समेत जानकारी गराउन चाहन्छु । त्यस्तै विभिन्न पार्क, झरनाहरुको पूर्वाधार विकासमा उच्च प्राथमिकता दिइ निर्माण कार्य भइ रहेको जानकारी गराउंदछु । मठ, मन्दिर, गुम्वा, चर्चहरुको समेत मर्मत संभार तथा थप पूर्वाधारहरु निर्माण गरिएका छन् । वाढी, पहिरो नियन्त्रणको लागि कयर खोलाको विभिन्न स्थानहरुमा अस्थायी वांध निर्माण गरिएको छ। नगरको पहाडी क्षेत्र वडा नं ११ को वडा कार्यालय जोड्ने सडकको कालोपत्रे गर्ने काम शुरु भइसकेको छ । जस अनुसार आगामी वर्ष वडा नं. ११ को वडा कार्यालय र रन्तेस वजारसम्म कालोपत्रे निर्माण सम्पन्न हुनेमा विश्वास लिएका छौ । वडा नं. ८ को वडा कार्यालय भवन निर्माणको कार्य सम्पन्न गर्न आवश्यक पहल गरी निर्माण कार्यको काम शुरु भइसकेको छ ।उक्त भवनको निर्माण सम्पन्न भएपछि सवै वडा कार्यालयवाट सुविधा सम्पन्न आफ्नै प्रशासनीक भवनवाट सेवा प्रवाह हुनेछ । सवै विद्यालयहरु , सवै वडा कार्यालयहरु र स्वास्थ्य संस्थामा ई-हाजिरिको व्यवस्था मिलाइएको छ । निर्माणाधिन अवस्थामा रहेका रुग्ण ठेक्का योजनाहरु केही सम्पन्न भइ सकेका र केही योजनाहरु सम्पन्नको चरणमा रहेका र केही काम शुरु नगरी सम्पर्कमा नरहेका निर्माण व्यवसायीलाई कालोसूचीको प्रकृया अगाडी वढाइ सार्वजनिक खरिद अनुगमन

कार्यालयमा कालो सूचीमा राख्नका लागि सिफारिस गरि पठाइएको व्यहोरा जानकारी गराउन चाहन्छु। कालिका नगरपालिकाको नगर अस्पतालवाट थप विशेषज्ञ सहितको स्वास्थ्य सुविधाहरु तथा प्रयोगशाला परीक्षणका सेवाहरु विस्तार भएका छन् । बिपन्न घर परिवारलाई नगरप्रमुख विपन्न स्वास्थ्य वीमा कार्यक्रम अन्तरगत ९३१ परिवारका ४,२७२ जनाको नि:शुल्क स्वास्थ्य विमा गरिएको, नगरपालिका गठन भए पश्चात थालनी भएको मुख्य प्रशासकीय भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको र आगामी आर्थिक वर्षबाट नगरपालिकाको प्रशासनिक काम मुख्य प्रशासकीय भवनबाट नै सञ्चालन हुने र आगामी वर्षको नगर सभा प्रशासनिक भवनवाट नै सन्चालन गरिने व्यहोरा जानकारी गराउदछु ।

आर्थिक विकास तर्फ आय आर्जनको लागी केरा खेती, मौरी पालन, च्याउ खेती, पुष्प खेती कृषि औजार वितरण, तरकारी खेती , बाख्रा पालन ,वंगुर पालन तथा पशुपालन व्यवसाय दुग्ध उत्पादन क्षेत्रमा अनुदान तथा उन्नत घाँसको विउ वितरण तथा नविनतम प्रविधि हस्तान्तरण गरिएको छ ।

शैक्षिक क्षेत्रको विकासमा उल्लेख्य लगानी वढाइएकोले नगरपालिकाले यस वर्ष, भिमोदय उच्च मा.वि.को अधुरो भवनको निर्माण सम्पन्न गरिएको र विभिन्न विद्यालयहरुको भवनको छाना फेर्ने र अन्य पूर्वाधार निर्माण तथा मर्मत, फर्निचर निर्माण तथा शौचालय निर्माण कार्यको सम्पन्न गरिएको साथै **"उपमेयर संग बालबालिका कार्यक्रम"** अन्तरगत विशेष गरी वडा नं. ८, ९, १० र ११ का विद्यालयहरुमा अध्ययन गर्ने छात्र / छात्राहरुलाई नि:शुल्क ड्रेस तथा कापी कलम र व्याग वितरण गर्ने काम समेत सम्पन्न गरि सकेका छौं । नियमित प्रधानाध्यापकहरु संगको छलफल

नगरपालिकावाट भएका अनुगमन तथा मुल्याङ्कनको कारणवाट विद्यालयहरुको शैक्षिक सुधार भएको नतिजाहरु प्राप्त भएका छन् ।

नगरपालिकाले विगत बर्षहरु देखी निरन्तर रुपमा गरेको लगानीको प्रतिफल स्वरुप कृषिजन्य र पशुजन्य उत्पादन जिल्लाका अन्य स्थान तथा जिल्ला बाहिर समेत निकासी भईरहेको छ ।मुख्य वालीहरुको उत्पादन उल्लेख्य मात्रामा वृद्धि भएको छ भने हरियो तरकारी, च्याउ, केरा, मह , दुध र मासुको लागी वाख्रा जिल्ला बाहिर निकासी भएको छ ।नगरको पहाडी क्षेत्र हुँदै आँउने नदिले बर्षेनी तल्लो तटिय भाग कटान तथा डुवान गरी ठूलो धनजनको क्षति हुने समस्या समाधान गर्न थाङ खोला, बुङ खोलालाई व्यवस्थापन योजनाको कार्य शुरु भएको छ । समग्रखोला व्यवस्थापनको लागी डि.पी.आर. र वातावरणीय अध्ययन प्रतिवेदन तयारीको अन्तिम चरणमा रहेको छ ।

सिंचाइका लागी सतही कुलो निर्माण तथा विस्तार, पाइप लाइन तथा थप च्याम्वर विस्तार गरी डिपवोरिङ तथा स्यालो ट्युवेल निर्माण तथा मर्मत संभारका साथै स्तरउन्नती गरिएको छ । जसका कारण तरकारी वाली र अन्नवाली उत्पादनमा उल्लेख्य वृद्धि हासिल भइ कृषकहरुको आर्थिक अवस्थामा सुधारहरु देखिएको छ।

खानेपानीको क्षेत्रमा विभिन्न विकास योजना सन्चालन गरी ग्रामीण चेपाङ वस्तीहरुमा समेत खानेपानी विस्तार गरी खानेपानी आपूर्ति सहज भएको छ ।

**<u>सभाका अध्यक्ष्य तथा सदस्यज्यूहरु,</u>**

अव म कालिका नगरपालिकको चालु आर्थिक वर्षको २०८०\०८१ को आर्थिक गतिविधि तथा बजेट कार्यन्वयनको समिक्षा गर्न चाहान्छु ।

चालु आर्थिक वर्षमा रु ५ करोड राजश्व सङ्कलन हुने अनुमान गरिएकोमा जेष्ठ मसान्त सम्म रु ५ करोड ०३ लाख ८५ हजार प्राप्त भएको हुँदा चालु आर्थिक

वर्षको अन्त्य सम्ममा जम्मा रु ५ करोड ४० लाख संङ्कलन हुने संशोधित अनुमान पेश गरेको छु ।

चालु आर्थिक वर्षमा नगरपालिकाको कुल खर्च रु ८६ करोड ३६ लाख २० हजार रुपैया हुने अनुमान गरिएकोमा संघीय सरकार तथा बागमती प्रदेश सरकारवाट सवै बजेट रकम प्राप्त नभएको ले रु ६५ करोड ८१ लाख १९ हजार हालसम्म प्राप्त भएको छ । चालु आर्थिक वर्षको जेष्ठ मसान्त सम्म चालु तर्फ रु ४२ करोड ७० लाख मध्ये रु ३२ करोड २४ लाख ४० हजार अर्थात ७५.६५% प्रतिशत खर्च र पूँजिगत तर्फ ४३ करोड ४७ लाख मध्ये रु १८ करोड ६४ लाख ९४ हजार अर्थात ४२.६४% प्रतिशत खर्च भएको जस अनुसार कुल खर्च रकम रु ५० करोड ८९ लाख ३५ हजार अर्थात ५८.९३% भएको देखिन्छ ।

<u>**सभाका अध्यक्ष एवम् सदस्यज्यूहरु,**</u>

माथी उल्लिखित उपलव्धीको संस्मरण गर्दै अव म आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि यस नगरपालिकाले अवलम्वन गरेका नीतिहरुलाई उपलव्ध श्रोत वजेटको सीमालाई ध्यान दिइ आगामी वर्षको वजेट कार्यक्रममा समावेश गरी कार्यान्वयन गरिने भएको हुँदा बजेटका उद्देश्य र प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु

१.स्वास्थ्य उपचारलाई प्रभावकारी वनाई समग्र स्वास्थ्य सेवाको गुणस्तर बृद्धि गर्ने ।

२."**कृषि, पशुपालन, उद्यम र पर्यटनबाट आय आर्जन र रोजगार, शिक्षा, स्वास्थ्य र पूर्वाधार विकास गरी जीवनस्तर सुधार**" गर्ने मुल नाराका साथ प्रस्तुत नीति अनुसार बजेट र कार्यक्रम तय गरिएको ।

३.शैक्षिक पुर्वाधार निर्माण लाई निरन्तरता दिदै सामुदायिक शिक्षालाई गुणस्तरिय वनाउने तथा आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वालवालिकाहरुलाई विद्यालयमा ल्याउन, **टिकाउन, सिकाउन र विकाउन "मेयर केयर कार्यक्रम"** (छात्रवृत्ति शैक्षिक

सामग्री, पोशाक) सञ्चालन गरिनेछ। विद्यालयको भौतिक पूर्वाधारको विकास गर्ने साथै खेलकुद क्षेत्रको विकास र पूर्वाधार निर्माण गर्दै जाने,

४.समाजिक सदभाव वृद्धि गरी महिला, वालवालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, पिछडिएका बर्ग, समुदायलाई मुलप्रवाहमा ल्याउने ।

५.आधारभुत शहरी तथा ग्रामिण पूर्वाधार निर्माणलाई सरकारी निजी क्षेत्र संग सहकार्य गरी पुर्वाधार निर्माण गर्ने ।

६."**स्वच्छ कालिका, हरित कालिका**" नारालाई आत्मसात् गर्दै कालिका नगरपालिका भित्रको वन, वातावरण, वन्यजन्तु र जलाधार क्षेत्रको संरक्षण, पोखरी निर्माण, मूल तथा सिमसार संरक्षण, वन तथा वनस्पतिको संरक्षण र दिगो उपयोग मार्फत आय आर्जन, उपयोग, रोजगारी सिर्जना गर्ने ।

७.**मह, च्याउ, केरा, रैथाने कोदो, फापर र पिँडालु** जस्ता कालिकाका स्थानीय उत्पादनहरूको उत्पादन र बजारीकरणमा आवश्यक पहल गरिने छ साथै कृषि क्षेत्रमा उत्पादन वृद्धि गर्न यान्त्रीकीकरण, सिंचाइको उचित प्रवन्ध मिलाउने ।

८.नगरपालिका भित्र रहेका र नगरपालिका केन्द्र देखि सवै वडा कार्यालयसम्म पुग्न पक्की सडक निर्माण र नगर यातायात गुरुयोजना बमोजिम सडक सञ्जालको विस्तार, स्तरोन्नती, मर्मत सम्भारका कार्यहरु ।

९. महिला, बालबालिका, एकल महिला अपाङ्गता भएका व्यक्ति, विपन्न असहाय, दलित आदिबासी, जनजाती तथा सिमान्तकृत समुदायका महिलाहरुलाई टेवा सहित सिपमुलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१०."**उपमेयरसंग बालबालिका कार्यक्रम**" अन्तरगत आमा वा वावु विहिन, भौगोलिक विकटत सिमान्तकृत तथा विपन्न बालबालिकाहरुलाई अध्ययनमा सहयोगको लागि निःशुल्क शैक्षिक सामग्रीहरु वितरण गरिनेछ।

११.नगर प्रहरीहरुको क्षमता विकास गरी नगरप्रहरीहरुलाई उपयुक्त ढंगवाट परिचालन गरी नगरवासीहरुलाई प्रदान गरीने सेवामा जोडीने छ ।

१२.थाङखोला वुङखोला व्यवस्थापनलाई उच्च प्राथमिकता दिइ कार्य अगाडी वढाइने छ,

१३. विभिन्न संघ सस्थाहरुसंग साझेदारी गरी समग्र नगरको विकासमा जोड दिइनेछ।

१४.पशुपालन व्यवसायलाई उचित विकास गर्न उन्नत नश्लसुधार, उन्नत घासको विउ वितरण, खोर तथा गोठ सुधार, भ्याक्सीन आदिको व्यवस्था गरी रोग तथा प्रकोप नियन्त्रण गर्ने ।

<u>सभाका अध्यक्ष एवम् सदस्यज्यूहरु</u>

उल्लेखित बजेटका उद्देश्य र प्राथमिकताहरु तथा नगरपालिकाको नीति र कार्यक्रमहरुलाई आत्मसाथ गर्दै आगामी आ.ब. ०८१-०८२ को लागि राजश्व तथा अनुदान प्राप्तिको अनुमानका आधारहरुमा कूल बजेट रकम रु ८७ करोड ७८ लाख ८१ हजारको पेश गरेको छु । सोही अनुसार यस बजेटमा आन्तरिक आय तर्फ रु ६ करोड , राजश्व बाँडफाँडबाट रु १८ करोड २४ लाख ३१ हजार, जनसहभागिताबाट रु १ करोड ,अन्तर सरकारी वित्तीय हस्तान्तरण संघीय सरकार तर्फबाट रु ४५ करोड १५ लाख , अन्तर सरकारी वित्तीय हस्तान्तरण बागमती प्रदेश सरकार तर्फबाट रु ७ करोड ३९ लाख ५० हजार, सडकवोर्डबाट रु ५० लाख, जि.स.स.बाट रु ५० लाख, मालपोत रजिष्ट्रेशन र नदिजन्यवाट रु ६ करोड र गत वर्षको जिम्मेवारी सर्ने रु ३ करोड समेत समावेश गरी जम्मा रु ८७ करोड ७८ लाख ८१ हजारको बजेट आर्थिक वर्ष २०८१-०८२ को अनुमानित आय विवरण, आर्थिक ऐन २०८१ मा समावेश गरी पेश गरेको छु ।

**<u>सभाका अध्यक्ष एवम् सदस्यज्यूहरु</u>**

विनियोजन तर्फ **सशर्त अनुदान संघीय सरकार** तर्फ रु २७ करोड ४८ लाख, बिशेष अनुदान तर्फ रु १ करोड ८५ लाख , समपुरक अनुदान तर्फ रु ३ करोड ८० लाख बजेट र **बागमती प्रदेश सरकार तर्फ** सशर्त अनुदान रु २ करोड ३४ लाख १३ हजार ,बिशेष अनुदान तर्फ रु ६५ लाख , समपुरक अनुदान तर्फ रु ६ करोड बजेट शसर्त अनुदानका शिर्षकहरुमा विनियोजन गरेको छु ।यस नगरपालिकाका सवै वडाको वडागत योजना तथा कार्यक्रमका लागि रु ९ करोड, क्रमागत योजना तथा कार्यक्रमका लागि रु ३ करोड, जनसहभागिता फिर्ता रकम रु १ करोड, पूर्वाधार विकासका लागि रु ९ करोड ७९ लाख ६८ हजार, सामाजिक विकासका लागि रु ५ करोड, आर्थिक विकासका लागि रु ३ करोड, विपद व्यवस्थापनका लागि रु १ करोड, शुशासन तथा क्षमता विकासका लागि रकम रु ३० लाख र प्रशासनिक चालु तथा पूँजिगत खर्चका लागि रु १३ करोड ५७ लाख गरी कुल बजेट रकम रु ८७ करोड ७८ लाख ८१ हजारको बजेट विनियोजन ऐन २०८१ मा समावेश गरी पेश गरेको छु यस बजेट निर्माण गर्ने क्रममा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधीज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, लगाएत सम्पूर्ण कर्मचारीहरु, संस्थापक जनप्रतिनिधिज्यूहरु, राजनीतिक दलका प्रतिनधिहरु, लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । धन्यवाद !!!